*"स्वास्थ्य, शिक्षा, कृषि र प्रविधिमा आधुनिकिरण*
*खाँडाचक्र नगरपालिकामा ग्रिन स्मार्ट सिटीको शुरुवाती चरण"*

## आर्थिक वर्ष २०८३/०८४ को

# नीति, कार्यक्रम तथा बजेट

## खाँडाचक्र नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**मान्म, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

**“स्वास्थ्य, शिक्षा, कृषि र प्रविधिमा आधुनिकरण**
**खाँडाचक्र नगरपालिकामा ग्रिन स्मार्ट सिटीको शुरुवाती चरण”**

**सभा अध्यक्ष ज्यू,**
**नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम नगर कार्यपालिकाको तर्फबाट आगामी आर्थिक वर्ष २०८३/०८४ को बार्षिक नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्न खाँडाचक्र नगरपालिकाको उप प्रमुखको हैसियतले उपस्थित भई यस सम्मानित सभामा पेश गर्न पाउदा गौरवको महसुस गरेको छु ।

यस गौरवपूर्ण अवसरमा लोकतन्त्रको स्थापना र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण गर्दै शहिदहरु तथा बेपत्ता, घाइते र पीडित नागरिकहरुलाई उच्च सम्मान भाव व्यक्त गर्दै सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जस्तो महत्तम शासन व्यवस्था सहितको अग्रगामी परिवर्तन ल्याउन भौतिक अभौतिक रुपमा योगदान गर्नुहुने सम्पूर्ण आम नागरिक, राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, लेखक, विद्यार्थी, शिक्षक, कर्मचारी, कुटनीतिक नियोग, गैर सरकारी संघ संस्था समेतलाई यो अवसरमा उहाँहरुको योगदानको उच्च कदर गर्दै अन्तस्करण देखी नमनका साथै कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

संघात्मक शासन व्यवस्था सहितको राज्यको पुनर्संरचना पश्चात संविधानतः गठित स्थानीय सरकारले दोस्रो कार्यकालको अन्तिम वर्ष व्यतित हुन लागेको छ । नेपालको संविधानको अनुसूची-८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची भित्र रहेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि संविधानको मर्म र भावना अनुरूप जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षालाई पूरा गर्न खाँडाचक्र नगरपालिकाले आफ्नो राजनीतिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले सञ्चालन गर्दै आइरहेको छ ।

आम नागरिकको संलग्नतामा नागरिकको माग र आवाजलाई संवोधन गर्दै जनताको बृहत्तर हित र कल्याणकारी व्यवस्था मार्फत शासकीय सन्तुष्टि प्रदान गर्ने, जनताका साना देखी ठुला समस्याहरुको हल खोज्ने, स्थानीय नेतृत्वको विकास गर्दै सामाजिक साँस्कृतिक रुपान्तरणमा टेवा पुऱ्याउने, स्थानीय रुपमा उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गर्दै रोजगारी सिर्जना गर्ने र आम नागरिकको जिविकोपार्जनमा अपेक्षित सुधार ल्याउने गरी स्थानीय सरकारले काम गर्नु पर्ने शासकीय जिम्मेवारी रहेको छ । उक्त शासकीय जिम्मेवारीलाई मिहिन ढङ्गले बुझेको निर्वाचित जनप्रतिनिधिको टीमले सहकार्य, समन्वय र सह अस्तित्वको सिद्धान्तलाई आत्मसाथ गर्दै संघीय सरकार, प्रदेश सरकार संगको समन्वय, सहयोग, साँझेदारी र सहकार्यमा उपलब्ध प्रशासनिक संयन्त्रको कुशलतम परिचालन गर्दै जनहितलाई केन्द्रविन्दुमा राखेर काम गरिरहेको व्यहोरा यस सम्मानित सभा मार्फत आम नगरवासी नागरिकलाई अवगत गराउन चाहान्छु ।

यस बीचमा आर्थिक सामाजिक विकासको क्षेत्रमा जनताले महसुस गर्न सक्ने गरी विकासका प्रयासहरु नभएका होइनन् । स्थानीय सरकारले सांगठनिक सक्षमता हाँसिल नगरिसकेको, कानूनी तथा सस्थागत संयन्त्र कमजोर रहेको, वित्तीय श्रोतको न्यून उपलब्धता, महत्वकांक्षी आकांक्षा, स्थानीय तहहरु आर्थिक रुपमा आत्म निर्भर नहुनु, राजस्वको अधिकार र खर्च जिम्मेवारीमा रहेको ठुलो अन्तर पूरा गर्न प्राप्त हुने अन्तरसरकारी वित्तीय सहायताको प्रयाप्त नहुनु, कर्मचारी अभावका कारण पूर्ण क्षमतामा कर्मचारीहरुको उपलब्धता र परिचालन नहुनु आदि जस्ता कारणवाट स्थानीय तहलाई केहि चुनौतिपूर्ण अवस्थाका कारण जनअपेक्षा अनुकूल कामहरु हुन नसकेको व्यहोरा जग जाहेरै छ ।

**सभा सदस्यज्यूहरु,**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ विभिन्न विषयगत ऐन नियमहरु, नेपालको सोह्रौ योजना, दिगो विकासको लक्ष्यहरु, संघीय सरकार तथा प्रदेश सरकारबाट विभिन्न मितिमा जारी गरिएका नीति, मार्गदर्शन तथा सुझाव, यस पालिकावाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, आचारसंहिताको परिधिभित्र रही राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकको निर्णय, नगर कार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय, आम नागरिक, बुद्धिजिवि र सरोकारवालाहरुबाट प्राप्त सुझाव, जनताका आवश्यकता, हाम्रो राजनीतिक प्रतिवद्धता समेतलाई ध्यानमा दिइ योजनावद्ध विकासको अवधारणा अनुसार आगामी आ.व. को बजेट, नीति तथा कार्यक्रम निर्माण गरिएको छ ।

**सभा अध्यक्ष ज्यू,**

अब म यस गरिमामय नगर सभा समक्ष नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## क.) आर्थिक विकास क्षेत्र

**कृषि क्षेत्र :**

१. यस नगरपालिकाका कृषि योग्य भूमीमा दिगो एवं भरपर्दो सिचाई सुविधा बढाउन अपुरोरुपमा संचालित भैरहेका सिचाई आयोजनालाई टेवा पुग्ने गरी जलशायहरुको मुहान संरक्षण र वृक्षारोपण (जडीबुटी, फलफूल, घाँसे विरुवा) गरी कृषि र पशुपालनको क्षेत्र सुधार गरिने छ ।

२. रासायनिक मल र विषादीको अनियन्त्रित प्रयोगबाट घट्दै गएको माटोको उर्वराशक्ति संरक्षण गरी उत्पादकत्व बढाउन आगामी आर्थिक वर्षमा **'माटो स्वास्थ्य सुधार कार्यक्रम'** लाई अभियानकै रूपमा सञ्चालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत कृषियोग्य भूमिको माटो परीक्षण (Soil Testing) गरी कृषकहरूलाई माटो स्वास्थ्य कार्ड वितरण गरिनेछ र अम्लीयपन सुधारका लागि कृषि चून तथा प्राङ्गारिक मलको प्रयोगमा प्रोत्साहन गरिनेछ।

३. आकाशे पानीको भरमा हुने खेती प्रणालीलाई विस्थापित गर्दै 'जहाँ खेती, त्यहाँ सिँचाइ' को अवधारणा अनुरूप कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउन **'साना सिँचाइ पूर्वाधार निर्माण'** कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ। यस अन्तर्गत साना कुलो, बोरिङ, स्यालो ट्युबवेल, र पोखरी निर्माण कार्यमा कृषक समूह तथा सहकारीसँग सहकार्य गरिनेछ।

४. वास्तविक किसान पहिचान गरी राज्यबाट प्राप्त हुने सेवा, सुविधा र अनुदानलाई पारदर्शी एवं लक्षित वर्गसम्म पुऱ्याउन नेपाल सरकारको राष्ट्रिय प्रणालीसँग आबद्ध गर्दै **'किसान सूचीकरण कार्यक्रम'** लाई यसै आर्थिक वर्षभित्र पालिकाभर पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ। सूचीकृत किसानका आधारमा कृषि योजना तर्जुमा गर्ने नीति लिइनेछ।

५. कृषकहरूको घरदैलोमै प्राविधिक सेवा सुनिश्चित गर्न र कृषि क्षेत्रमा नवप्रवर्तन (Innovation) भित्र्याउन विगतका वर्षदेखि सञ्चालित **'कृषि प्राविधिकहरूको व्यवस्थापन तथा कृषि स्नातक कार्यक्रम'** लाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ। यस कार्यक्रम मार्फत प्राविधिकहरूको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै युवा कृषि स्नातकहरूलाई स्थानीय तहको कृषि रूपान्तरणमा परिचालन गरिनेछ।

६. तथ्याङ्कमा आधारित योजना तर्जुमा (Evidence-based Planning) गर्ने परिपाटीको विकास गर्न पालिका भित्रको समग्र कृषि, पशुपन्छी, गोठ/खोर र मत्स्य पालनको वास्तविक अवस्था झल्कने गरी **'कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम'** सञ्चालन गरिनेछ। यसरी तयार भएको डिजिटल तथ्याङ्कका आधारमा आगामी दिनमा वास्तविक आवश्यकता अनुरूप पशुपन्छी महामारी नियन्त्रण र कृषि प्रवर्द्धनका कार्यक्रम तर्जुमा गरिनेछ।

७. यस नगरपालिकाको सदरमुकाम स्थित दायाँ र वाया दुवै तिरवाट तिला र कर्णाली नदी वगिरहेको तर खाँडाचक्र वासीलाई सिचाईको अभाव भई खानेपानी समेत समस्या भएकाले उक्त समस्यालाई मध्य नजर गरी सौर्य उर्जा/विद्युत मार्फत डिप वोरिङ्ग र लिफ्ट सिचाई मार्फत पानी लिई सिचाई तथा खानेपानी आपुर्तिका लागि विशेष पहल गरिनेछ ।

**पशु सेवा :**

१ खाँडाचक्र नगरपालिकाको क्षेत्र भित्र फैलिएको रेविज रोग तथा भेडा बाख्रामा इन्टरटोक्सिमीया लगायत आकस्मिक तथा महामारी रोगको रोकथाम र विभिन्न रोगहरुको रोकथामको लागि खोप सन्चालन गरी रोगको रोकथाम गरिनुका साथै यस नगरपालिकामा दर्तावला फर्म समुह तथा ब्यबसायिक कृषकहरुलाई अभिमुखिकरण गरिनेछ।

२ खाँडाचक्र नगरपालिका वडा न १ देखि ११ सम्मका सवै वडाहरुमा औषधि उपचार सेवामा निरन्तरता दिईने छ ।

३ खाँडाचक्र नगरपालिकाको वडा न १ देखि ११ सम्म पशुपन्छी तथा मत्स्य पालन तथ्याकङ्क अध्यावधिक कार्यक्रम सन्चालनलाइ निरन्तरता दिइने छ।

४ वेशिक प्रयोगशालाको स्थापना गरी नमुना सकलन तथा प्रेषण गरिने छ ।

५ स्थानीय जातका पशुपन्छीहरुको संरक्षण तथा प्रवर्द्धन गरिने छ ।

६ सुरक्षित तथा गुणस्तरिय पशुपन्छी जन्य खाद्य पदार्थ उत्पादनमा जोड दिइने छ।

७ बिभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग सहकार्य गरी विषयगत ब्यवसायिक तालिम प्रदान गरी कृषकलाइ आत्मनिर्भर वनाइने छ ।

८ पशुपन्छीहरुमा कृतिम तथा प्राकृतिक गर्भाधानमा जोड दिई नश्ल सुधार कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

**पर्यटन विकास :**

१ यस नगरपालिका वडा न ७ मा रहेको पिलिलाई युध्द पर्यटकीय क्षेत्र र वडा न ६ मा थोरेमा रहेको प्राकृतिक नेपालको नक्शालाई संरक्षण गरी प्रचार प्रशार गरी थप विकास गरी अन्तरिक तथा बाह्य धार्मिक पर्यटकहरुलाई भित्राउन आवश्यक पुर्वाधार विकास गर्ने व्यवस्था मिलाइने छ ।

२ चुलिमालिका पंचदेवल मन्दिर, कोटदरबार, कर्णाली दोभान लगायतका धार्मिक तथा ऐतिहासिक क्षेत्रलाई पर्यटन क्षेत्रकोरुपमा विकास गरी खाँडाचक्र नगरपालिकालाई रमणीय सुरक्षित गन्तब्य स्थानका रुपमा विकास गरी पर्यटकीयहरुको आकर्षण क्षेत्रकोरुपमा विकास गरिने छ ।

३ खाँडाचक्र नगरपालिका भित्रका होटेल तथा अन्य ब्यबसायीहरूलाई पर्यटक मैत्री वनाउनका लागि प्रदेश सरकार संग समन्वय र सहकार्य गरी आवश्यक तालिमको ब्यवस्था मिलाइने छ ।

४ वडा न १ मा रहेको लुवारेकोट पर्यटन पार्कलाई थप व्यवस्थित गरिने छ ।

५ कालिकोट जिल्लाको प्रसिद्ध चुलिमालिका मन्दिरको मर्मत तथा जिउली र नैनीकाधमा धर्मशाला निर्माण गरी पर्यटकिय क्षेत्रको विस्तार गरिने छ ।

६ तिसेली गुफालाई प्रचार प्रशार गरी पर्यटकीय क्षेत्रकोरुपमा विकास गरिने छ ।

**उद्योग बाणिज्य :**

१ नगरपालिका क्षेत्र भित्रका उद्धमी तथा व्यवसायीहरुलाई प्रबर्द्धन गरी छरिएका साना ब्यबसायी एकीकृत तथा साना ब्यबसायी उद्धम संचालनमा सहयोग गर्न आवश्यक संचालन गरिने छ ।

२ यस नगरपलिकाका वजार क्षेत्र तथा सडक छेउछाउका साना बजार, गाउघरमा रहेका होटेल पसल तथा साना ब्यबसायी दर्ता गर्न लगाई सुचिकृत गरिनेछ ।

३ दर्ता भई संचालनमा आएका ब्यबसायिहरुलाई करका दायरामा ल्याई नगरपालिकाले लिएको आगामी वर्षको राजस्व संकलनको लक्ष्य पुरा गर्न कार्यविधिलाइ कार्यान्वयनमा ल्याईने नीति लिएको छ ।

४ लघु तथा घरेलु उधोग संचालन गरिरहेक उधमिलाई आवश्यकताको आधारमा सिप विकास तालिम तथा प्रबिधी हस्तान्तरण कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

**रोजगारी**

१. वेरोजगार युवा लाई रोजगारीमा संलग्न गराउन स्थानिय तहबाट वढी भन्दा वढि श्रममूलक आयोजना संचालन गर्ने र उक्त आयोजनामा काम गर्ने श्रमिकलाई अनिवार्य स्वास्थ्य विमामा सहभागि गराउने नीति अवलम्वन गरिने छ ।

२. संघीय सरकारको रोजगार प्रर्वद्धन कार्यक्रम सँग साझेदारी गर्दै स्थानिय तहमा रहेका वेरोजगार व्यक्तीहरु र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तीहरुको सिप क्षमता विकासलाई परिचालन गर्न विशेष नीती अपनाइनेछ ।

३. स्थानीय तहमा रहेका वेरोजगार व्यक्तीलाई वैदेशिक रोजगारीमा जान निरुत्साहित गर्ने र जानै पर्ने भए कानुनी बाटोबाट मात्र जाने र सहि सूचना सिप सिकेर मात्र जानका लागि सूचना प्रदान गर्न समुदाय स्तरमा सुरक्षित वैदेशिक रोजगार सम्वन्धि अभिमुखिकरण कार्यक्रम संचालन गर्न रोजगार सेवाकेन्द्र मार्फत थप व्यवस्थित गरिनेछ । वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि श्रम स्वीकृती लिने सम्बन्धमा सहजिकरण गरिनेछ ।

४. स्थानीय श्रम वजारको विश्लेषण नक्सांकन पुजिको विश्लेषण गरी स्थानीय वेरोजगार युवाको वेरोजगार दर्ता तथा उनीहरुको क्षमता पहिचान गरी रोजगारदातासँगको समन्वयमा रोजगारी श्रृजनाका लागि आवश्यक पहल गर्ने नीति अवलम्वन गरिनेछ ।

५. स्थानीय श्रम तथा श्रमिकलाई सम्मान गर्नका लागि श्रमिकको सम्मान कार्यक्रमलाई थप व्यवस्थित गर्ने साथै सीप सिक्न चाहने स्थानिय वेरोजगार युवालाई सिपयुक्त वनाउदै उनीहरुलाई दिगो रोजगारीमा जोड्न उद्यमशिलताका कार्यक्रम संचालन गरिने छ ।

६. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम र कर्णाली मुख्यमन्त्री रोजगार कार्यक्रमका योजनालाई दिगो र स्थायीत्व बनाउन स्थानीय तहसँग लागत साझेदारी लाई निरन्तरता दिइने छ ।

७. यस नगरपालिका क्षेत्र भित्रको कर्णाली राजमार्गको छेउछाउमा विरुवा तथा फूलहरु रोपी, फूल तथा विरुवाको संरक्षणका लागि मालीको ब्यवस्था गरी रोजगारीको सृजना गर्न विशेष पहल गरिने छ ।

## ख.) सामाजिक विकास क्षेत्र

**शिक्षा :**

१. सवै बालबालिकालाई प्रारम्भिक बाल विकास शिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, उत्पादनमुखी,रोजगारमूलक र प्रविधिमैत्री बनाइनेछ ।

२. पहुँच र गुणस्तर अभिबृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रर्वतनात्मक, अनुसन्धानात्मक,प्रविधिमैत्री र रोजगारमूलक बनाउदै मूल्यमा आधारित सक्षम समुन्नत र आत्मा निर्भर समाज र सबल अर्थतन्त्र निर्माण गरिनेछ ।

३. प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गरिनेछ।

४. उच्च शिक्षातर्फ प्रतिस्प्रर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी एवम् नगरपालिकाको आवश्यकता अनुरुपको मानव संसाधन विकास गरिनेछ।

५. नगर भित्रको शैक्षिक (ब्यवस्थापक र शिक्षण) जनशक्तिको क्षमता विकासका लागि मानव संसाधन केन्द्रको संस्थागत सुदृढिकरण गरिनेछ।

६. सवै नागरिकका लागि जीवनपर्यन्त,साक्षरतार अनौपचारीक शिक्षाको अवसर सुनिश्चित गरिनेछ ।

७. समावेशी र विशेष शिक्षाको लागि आवश्यक संरचना निर्माण गरी सरोकारवालाको पहुँच सुनिश्चित गरिनेछ ।

८. विद्यालयका पुराना भौतिक संरचनाहरु सुधार गर्दै नयाँ संरचनाहरु सबैको पहुँचयुक्त निर्माण गर्न पहल गरिने छ ।

**युवा तथा खेलकुद :**

१. नगर स्तरीय तथा जिल्ला स्तरिय संचालन हुने खेलकूद प्रतियोगिता तथा राष्ट्रपति रनिङ शिल्डलाई नियम संगत अनुशासित र मर्यादित बनाउदै प्रतिस्पर्धी खेलाडी उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी उत्पादनमा बिशेष पहल गरिने छ।

२. खाडाचक नगरपालिका भित्रका युवा उद्यमी तथा उद्योग संचालन गरी रोजगारी सृजना गरिने उद्योग तथा उद्यमीहरुलाई प्रोत्साहनको ब्यबस्था मिलाईने छ।

३. खाडाचक नगरपालिका भित्रका युवाहरुलाई प्रबिधि बिकास, सिप बिकासमा विशेष जोड दिदै आबश्यक नीति, नियम र कार्यक्रम बनाई कार्यान्वयन गरिने छ।

४. यस नगरपालिकामा खेलकूद कार्यबिधि निर्माण गरी नगर स्तरीय तथा वडा स्तरीय खेलकूद समिति गठन गरी सोही अनुसार परिचालन गरिने छ।

५. खाडाचक नगरपालिकामा नगर स्तरीय खेलकूद मैदान निर्माण गर्ने तथा एक वडा एक खेल मैदान निर्माण गर्ने कार्यलाई कार्यान्वयन गर्न विशेष जोड दिईने छ।

६. यस नगरपालिका भित्रका विद्यालयहरुका कार्यरत शिक्षकहरुलाई सरुवाका लागि कार्यविधि स्वीकृत गरी सरुवा गर्न सकिने छ भने विद्यार्थीहरुको अनुपातमा आवश्यकता अनुसार विद्यालयलाई मर्ज गर्ने नीति लिईने छ।

**खानेपानी तथा सरसफाइ :**

१. रोग तथा महामारीबाट बच्न व्यक्तिगत, वातावरणीय, घरयासी सरसफाई र आनीबानी परिबर्तनको महत्वपुर्ण भुमिका रहन्छ यसैलाई मध्यनजर गर्दै **"स्वच्छ निरोगी हामी, नियमित हातधुने बानी"** भन्ने अभियान सञ्चालन गरी आगामी ५ वर्ष भित्र शत प्रतिशत घरमा हात धुने स्टेसन निर्माण कार्यलाई निरन्तरता दिई अभियानरुपमा सञ्चालन गरिने छ। साथै ठोस, तरल तथा दिशाजन्य लेदो फोहोरको व्यवस्थापनका लागि नगरपालिकामा आबश्यक नीति र योजना तयार गरी सोहि अनुसार कार्यान्वयन गरिने छ।

२. एक घर एक धाराको कामको निरन्तरता दिई निमार्ण गरिएका खानेपानी आयोजनाकाहरुको मर्मत सम्भार गरी सवै खानेपानी आयोजनाहरुमा खानेपानी सुरक्षा योजना लागु गरी खानेपानी शुद्धिकरण गरिने छ ।

३. कम्तीमा ५ वटा खानेपानी आयोजनामा पानी शुद्धिकरण गर्नका लागि Auto Dosing मेसिन जडान गरी पानी शुद्धिकरण गरि लाभान्वित घरधुरीमा सुरक्षित खानेपानी पुर्याइने छ ।

४. खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी तथ्यांकहरुको साझेदार संस्थाहरुको सहकार्यमा नियमित अध्यावधिक तथा व्यवस्थापन गरिने छ।

५. भुमिगत खानेपानीको श्रोतहरुको जलाधार क्षेत्रलाई पानीका गुणस्तर र परिमाण कायम राख्न जलाधार क्षेत्रको संरक्षण एब सर्म्वद्धन गरी पानीको शुद्धिकरण गर्नका लागि मुल परीक्षण गर्ने कार्यलाई उपभोक्ता समुहवाट निरन्तरता दिने व्यवस्था मिलाईने छ।

६. नगरपालिका भित्रका सबै सार्वजनिक संस्थाहरुमा खानेपानी, सरसफाई तथा स्वच्छता लाई ध्यानमा राख्दै शुद्ध खानेपानीको बातावरण निर्माण गरिदै जाने नीति अबलम्वन गरिने छ।

७. नगरपालिका भित्रका सबै बस्तीहरुमा फोहोरको उचित ब्यवस्थापन तथा विर्सजनका लागि जनचेतना अभिबृद्धिका साथै फोहर ब्यवस्थापनको नीति लाइ कार्यान्वयनमा ल्याउन पहल गरिने छ।

८. सार्बजनिक यातायात तथा बस बिसौनी र अन्य सार्बजनिक क्षेत्रमा भएका सार्बजनिक शौचालय मर्मत गरी थप सार्वजनिक शौचालय निर्माण गरी संचालनमा ल्याईने छ।

९. खाँडाचक्र नगरपालीका वडा नं ५ र ६ मा संचालित ढडार खानेपानी आयोजनावाट अपुग भएका घरधुरीलाई थप मुल पहिचान गरी खानेपानीको ब्यवस्था मिलाईने छ।

१०. निजी खानेपानी मुहान दर्ता गरि सकेका खानेपानीको हकमा मुहान निजिकरण कार्यलाइ खारेजी गरी खानेपानीमा सवैको समान अधिकार अवलम्वन गरिने छ । साथै संस्थागत मुहानहरुमा ३० प्रतिशत पानी अनिवार्य छोडनु पर्ने नीति लिइने छ ।मुख्य संस्थागत लाइनहरुमा अन्य मुहानहरु समायोजन गरिने छ ।

११. पृथ्वी सबै जीबको साझा घर हो त्यसैले जलाधार क्षेत्र र जैबिक विविधताको संरक्षण गर्नु हाम्रो दायित्व हो। यसका लागि जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धि आबश्यक नीति तथा कानूनको निर्माण गरी सोही अनुसार जलाधार क्षेत्रको विकास र जैविक विविधता संरक्षण गर्दै पानीका श्रोतको संरक्षण तथा पुनःभरण अभियान संञ्चालन गरिने छ। उक्त अभियान सञ्चालन गर्न दातृ संस्थाहरुसँग समपुरक कोषको प्रावधानलाई समेत प्राथमिकतामा राखिने छ।

१२. यस खाँडाचक्र नगरपालिका भित्रका सम्पुर्ण नागरिकहरुलाइ खानेपानीको पहुच वृद्धि गर्नका लागि खानेपानीको वितरण एकिकृत प्रणालीको मार्फत ब्यवस्था मिलाइने छ ।

**स्वास्थ्य :**

१. यस नगरपालिकाका स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन नसकेका महिलाहरुलाई स्वास्थ्य संस्थाले रेफर गरेमा रेफर गरेको स्वास्थ्य संस्था सम्म निशुल्क यातायात सुविधा प्रदान गरिने छ।

२ स्वास्थ्य संस्थाहरुमा नियमित गर्भवती जाच र सुत्केरी हुन सेवा लिएका महिलाहरुलाई पोषण कोशेली कार्यक्रम संचालनलाई नियमितता गरिएको छ।

३. महामारी तथा प्रकोपजन्य रोगहरुको समयमा व्यवस्थापन गर्न आवश्यकता अनुसार चेतनामुलक कार्यक्रमलाई निरन्तरता दिईने छ।

४. नगर तथा जिल्लामा उपलब्ध जडीवुटीको व्यवस्थापन गर्न नगरस्तरीय आयुर्वेद औषधालयलाई थप ब्यवस्थित गरी संचालन गरिनेछ।

५. नगरपालिका स्तरीय स्वास्थ्य क्षेत्रको आवधिक योजना तयार गरी कार्यान्वयनलाई निरन्तरता दिईने छ।

६. जेष्ठ नागरिक संग नगर प्रमुख कार्यक्रम संचालन गरि जेष्ठ नागरिक लक्षित स्वास्थ्य परिक्षण र स्वास्थ्य सचेतना सम्बन्धी कार्यक्रम संचालन गरि नागरिकको स्वास्थ्य अवस्थालाई सुधार गरिनेछ ।

७. लामो समयमा काम गर्दै आइरहेका महिला स्वास्थ्य स्वयमसेविकालाई सम्मानजनक विदाई गरिने कार्यक्रमलाई निरन्तरता दिइएको छ

८. स्थापित आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुलाई नियमित संचालनका लागि आवश्यक वजेट व्यवस्थापन गरिने छ।

९. स्वास्थ्य सेवाको पँहुच भन्दा टाढा रहेका वस्तीहरुको सामुहिक नक्सांकन गरी सुक्ष्म योजना तयार गरीने छ ।

१०. गर्भवती महिलालाई स्वास्थ्य स्थितिको जाँच तथा संस्थागत सुत्केरीको संख्यामा बृद्धि गर्न र मातृ तथा नवशिसु मृत्युदरलाई घटाउन ग्रामीण भिडियो एक्सरे सेवालाई थप व्यवस्थित गरी निरन्तरता दिइने छ ।

११. स्वास्थ्य संस्थामा हुने सुत्केरी दर वृद्धि गर्न वर्थिङ्ग सेन्टरहरुको स्थापना गरी सेवा संचालन गरिने छ ।

१२. स्वास्थ्य संस्थामा आउने विरामीहरुलाई नेपाल सरकारले तोके अनुसार निशुल्क औषधी उपलव्ध गरिने छ ।

१३. खाँडाचक्र नगरपालिकालाई पुर्ण खोप सुनिश्चितता तथा दिगोपना कायम राखी २ वर्ष मुनिका वालवालिकाहरुलाई पुर्णखोप प्रदान गरिने छ ।

१४. यस नगरपालिकालाई लागु औषध, धुम्रपान, मद्यपान र जंकफुड रहित वनाउन विभिन्न संघ संस्थाहरुको समन्वयमा सचेतनामुलक कार्यक्रम संचालन गरी लागु औषध तथा मद्यपान र जंकफुडको प्रयोगलाई निरुत्साहित गर्न कार्यक्रम संचालन गरिने छ ।

१५. यस नगरपालिकामा सुनौला हजार दिनका आमाहरुलाई आमा र वालवालिका लक्षित वहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारीरुपमा संचालन गरिने छ ।

१६. खाद्य असुरक्षा तथा पोषणको जोखिममा बढी महत्व दिई आधारभूत खाद्य उपलब्धता सुनिश्चित गर्न "बहु क्षेत्रिय पोषण योजना-तेश्रो" अनुसार स्वास्थ्य, शिक्षा, कृषि, पशु, खानेपानी तथा सरसफाईसँग सम्बन्धित कार्यक्रमहरु एकीकृत गरी लक्षित समुदायमा कार्यान्वयन गरीने छ ।

१७. गर्भवती, सुत्केरी एवं नवजात शिशु स्याहारमा विशेष महत्व दिन "हरेक बार खाना चार" सबैका घर/घरमा करेसाबारी बनाउन महिला स्वास्थ्य स्वयंसेविका एवं स्वास्थ्य क्षेत्रमा कार्यरत सघं संस्थाहरुसँग सहकार्य, समन्वय गरी परिचालन गरिने छ ।

१८. पालिकामा व्याप्त रहेको कुपोषण लाई न्युनिकरण गर्न "सुनौलो १००० दिन संग उप- प्र मुख कार्यक्रम" लागु गरी संचालन गरिने छ ।

१९. मानसिक स्वास्थ्यको क्षेत्रमा स्वास्थ्य कर्मीहरुको क्षमता अभिवृद्धि गरि सेवामा टेवा पुराइने छ ।

२०. नगरपालिकालाई क्षयरोग मुक्त नेपाल अभियान अन्तर्गत विभिन्न कार्यक्रमहरु सचालन गरी क्षयरोग अन्तयका लागि विशेष पहल गरिने छ ।

२१ किटजन्य रोग नियन्त्रणका लागि विशेष कार्यक्रम संचालन गरी रोगलाई नियन्त्रणमा ल्याउन पहल गरिने छ ।

२२. स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा, मापदण्ड, गुणस्तर मुल्यांकनको आधारमा स्वास्थ्य सेवालाई गुणस्तरीय वनाउन थप कार्यक्रम संचालन गरिने छ ।

२३. वढ्दो नसर्ने रोगहरुको पहिचान उपचार तथा प्रेषण प्रणालीलाई ब्यवस्थित गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरी स्वच्छ जीवनशैली अपनाउने कार्यक्रम संचालन गरिने छ ।

२४ मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति रणनैतिक कार्ययोजना तयार गर्ने तथा सोको प्रभावकारी कार्यान्वयनका निम्ती विभिन्न खालका प्रवर्धनात्मक, रोकथाममूलक कार्यक्रम र उपचारात्मक सेवा लागु गरिने छ ।

२५ मनोसामाजिक सुस्वास्थ्यको प्रवर्धन गर्न तथा मानसिक रोग प्रतिको गलत धारणा, अन्धविश्वास, भ्रम र गलत धारणा हटाउन विद्यालय र समुदायस्तरमा जनचेतना अभिबृद्धि गरिने छ साथै विद्यालय नर्सिङ्ग कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

२६ मानसिक स्वास्थ्य समस्या भएका व्यक्ती, मनोसामाजिक अपाँङ्गता भएका व्यक्तीहरुलाइ आधारभुत स्वास्थ्य सेवा नितीले अवलम्बन गरे अनुसार मानसिक स्वास्थ्य सेवामा सहज, सुलभ र समान पहुँच सुनिश्चित गरिने छ । सो को लागि आवश्यक स्रोत, साधन, जनशक्ति र संयन्त्रको ब्यवस्थापन क्रमश गरिदै लगिनेछ ।

२७ बालबालिका किशोर किशोरी तथा सुनौलो हजार दिनका आमाहरुलाई मानसिक स्वास्थ्य कार्यक्रम संचालन गरिने छ ।

२८ अपाङ्गता भएका व्यक्ति, मनोसमाजिक अपाङ्गता भएका व्यक्ति मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति र हिंसा प्रभावित व्यक्तिलाई नेपाल सरकारले अवलम्बन गरेको स्वास्थ्य बिमा कार्यक्रममा क्रमशः समावेश गरि सेवा प्रवाहमा जोड दिइने छ ।

२९ मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने औषधी र मनोपरामर्श सेवा नगरपालिकाले निःशुल्क उपलब्ध गराउनेछ । अपाङ्गता भएका ब्यक्तिहरुले पनि स्वास्थ्य सेवाबाट उपलब्ध गराईने सेवामा पहुँच बढाउनको लागि अपाङ्गतामैत्री संरचना लगायत पहुँच बढाउने खालको प्रविधि विकासमा जोड दिईनेछ ।

३० मनोसामाजिक अपाँङ्गता भएका व्यक्तीहरूलाइ प्रचलित कानून र निर्देशिकाको अधिनमा रही अपाँङ्गता परिचय वितरण गरिनेछ ।

३१ आत्महत्या रोकथाम, न्युनिकरण गर्न विभिन्न सचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।

३२ कडा खालका मानसिक वा मनोसामाजिक समस्या भएका व्यक्तिहरुलाई स्वास्थ्य बिमा तथा विशिष्टिकृत उपचारमा जोड्नकालागि बनाइएको कोषलाई थप बलियो बनाई नियमित संचालनमा ल्याउने ।

३३ विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनका योजनाहरु अपाङ्गता तथा लैङ्गिकता समावेशी बनाउनुका साथै सो योजनाहरुमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगका कुरा समेटिएको कुरा सुनिश्चित गरिने छ ।

३४ मनोसामाजिक सहयोग र मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था, सरकारी संस्था तथा निजी क्षेत्रसँग बहुपक्षीय र बहुक्षेत्रीय समन्वय र सहकार्य गरिनेछ।

३५ क्यान्सर मृगौलाको डायलासिस गरिरहेका व्यक्ती र मेरुदण्डको पक्षघात भएका बिरामीहरुलाई मासिक ५०००। का दरले औषधी उपचार खर्च उपब्ध गराईने छ ।

३६ स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई लैंगिक हिंशा पहिचान र प्रेषण सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन गरि सेवा प्रदान गरिनेछ ऽ

३७ लैंगिक बिभेदमा आधारित हिंसा सम्बन्धि स्वास्थ्य सेवा प्रदायकलाई अभिमुखिकरण गरिनेछ ।

३८ महिला स्वास्थ्य स्वयं सेविका किशोरी समुह र आमा समूहहरुलाई आधाभुत मनोसामाजिक तथा मानसिक स्वास्थ्य सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

३९ लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि मामला व्यवस्थापक र सामुदायिक मनोसामाजिक कार्यकर्ता परिचालन गरिने छ ।

४० प्रजनन स्वासथ्य प्रवर्द्धनका लागि विद्यालयहरुमा रुपान्तरण कार्यक्रम संचालन गरिने छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण :**

१. खाँडाचक्र नगरपालिका भित्रका लक्षित वर्गहरु महिला, जनजाती, दलित, फरक क्षमता भएका, जेष्ठ नागरिक, एकल महिला, द्वन्द पिडित, घाईते तथा वालवालिका लगायत विपन्न समुदायलाई समानुपातिक समावेशी तथा अर्थपुर्ण सहभागितामा पहुँच अभिवृद्धि गरी सीप विकास, स्वरोजगारमुलक, आत्मनिर्भर कार्यकमा मार्फत सेवामा पहुँच अभिवृद्धि गरिने छ।

२. घरेलु हिंसा, लैंगिक हिंसा, बालश्रम, जातिय बिभेद अन्त्य गर्नका लागि नगरपालिकाले सोसेक नेपालसंग सहकार्य गरी सुरक्षित आवास गृह र १०९८ बाल हेल्पलाइन संचालन गरी लैङ्गिक हिँसा प्रभावित महिला तथा बालबालिकालाई आवास सेवा, खाना, लत्ता कपडा, आवश्यकता अनुसार कानुनी सहायता, पुर्नमिलन र मनोपरामर्श सेवालाई निरन्तरता दिईने छ ।

३. लैङ्गिक हिँसा प्रभावितलाई मौसमी र बेमौसमी तरकारी खेती, सिलाई वुनाई, अचार वनाउने जस्ता सिपमुलक तथा जीविकोपार्जन तालिमहरु उपलब्ध गराई आय आर्जन तथा जीविकोपार्जनमा सहयोग गरिने छ ।

४. महिला अधिकार र कर्तव्य सुनिश्चितताका लागि सबै टोलहरुमा वालक्लव, किशोर किशोरी समुहको पहुँच पुर्याउन समिति/समुहहरुलाई पालिकामा दर्ता गरी व्यवस्थित र जवाफदेहिता बढाउने नीतिलाई अवलम्वन गरिनेछ ।

५. वाल विवाह न्यूनिकरण र लैगिंक हिंसा विरुद्धका क्षेत्रमा विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गरी वालविवाह न्यूनिकरणका लागि विशेष पहल गरिने छ ।

६. वालमैत्री स्थानीय वडा तथा पालिका घोषणाका लागि युनिसेफ नेपाल संग सहकार्य गरी कार्यक्रमलाइ अगाडी वढाउन सकिनेछ ।

७. सवै वडाहरुमा वाल क्लव, वाल संरक्षण समिति र वालमैत्री स्थानीय शासन समितिको गठन गरी सक्रिय रुपमा अगाडि वढाईने छ ।

८. विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा पुर्व तयारीका लागि आवश्यक पहलका साथै राहत सामग्रीहरुको व्यवस्थापन गरिने छ ।

९. जटिल आर्थिक समस्यामा परेका, जीविकोपार्जनमा समेत असहज परिस्थीतिको समाना गरिरहेका द्धन्द प्रभावित व्यक्ति वा परिवारका सदस्य, अपागंता भएका व्यक्ति तथा वैदेशिक रोजगारीमा गएका व्यक्ति वा उनका परिवारका सदस्यहरुलाई पालिकाद्धारा संचालन गरिरहेका विभिन्न आय र वा सीपमुलक क्रियाकलापहरुमा जोड्दै आर्थिक उपार्जनका कार्यक्रमहरु गरिनेछ ।

## ग) पुर्वाधार विकास क्षेत्र

१. यस नगरपालिकाको सदरमुकाम मान्म वजारको विद्युत सव स्टेशनका मोड हुदै नयाँ वनिरहेको एपिएफको भवन, कोट दरवार हुदै प्रतिमाचोक वाट जिरोपोन्ट सम्मका सडकलाई स्तरोन्नती तथा सो सडक संग जोडिने सहायक वाटोहरुलाई आरसिसि गरी आवत जावतमा सहज हुने गरी वजेटको व्यवस्था मिलाईने छ ।

२. यस खाँडाचक्र नगरपालिकावाट हालसम्म सडक संजालमा नजोडिएको वडा नं ११ को वडा केन्द्र सम्म सडक संजाल जोड्न आ.व. २०८३/०८४ मा मान्म वदालकोट सडक सडकलाई विस्तार गरिने छ ।

३. खाँडाचक्र नगरपालिका निर्माणाधिन अवस्थामा रहको प्रशासकीय भवनलाई तोकिएको समयसिमा भित्र सम्पन्न गर्नका लागि विशेष जोड दिइने छ भने आफ्नै भवन नभएका वडा कार्यालयहरुको भौतिक संरचना निर्माणका लागि पहल गरिने छ ।

४. यस नगरपालिका भित्रका विद्युत लाईन विस्तार हुन वाँकी वडाहरुमा आगामी आ.व. २०८३/०८४ मा विद्युतीय लाईन विस्तार तथा सुधार गरी वत्ति वाल्न पहल गरिने छ ।

५. दलित विपन्न समुदायको नमूना वस्ती विकासका लागि आ.व. २०८३/०८४ वाट आवास निर्माणका लागि कार्यक्रम संचालन गरिने छ ।

६. कालिकोट जिल्ला स्थित ताडिमा रहेको कालिकोट जिल्लाकै एक मात्र वसपार्कलाई स्तरोन्नती गरी व्यवस्थित तरिकाले सुचारु गर्नका लागि विशेष व्यवस्था गरिने छ ।

## घ.) सुशासन तथा अन्तर सम्वन्धित

### विपद् ब्यवस्थापन

१. खाँडाचक नगरपालिका क्षेत्र भित्र दैवि प्रकोपरुपमा आइपर्ने वाढी पहिरो, आगलागी जस्ता विपद्वाट पिडित घर परिवार तथा व्यक्तिलाई तत्काल उद्दार तथा राहत पुर्नस्थापनाका लागि विपद व्यवस्थापन कोषलाई निरन्रता दिईने छ ।

२. सामुदायिक वनहरुलाई सुचिकृत गरी दिगो वन ब्यबस्थापनको कार्यमा राम्रो काम गर्ने सामुदायिक वन उपभोक्ता समुहहरुलाई मापदण्ड निर्धारण गरी पुरस्कृत गर्ने ब्यबस्था मिलाईने छ ।

३. विपद जोखिम न्यूनिकरण र जलवायू परिवर्तन अनूकूलनसँग सम्बन्धित "पूर्व तयारी तथा प्रतिकार्य योजना", "विपद व्यवस्थापन कोष संचालन कार्यविधि" व्यवस्थापन ऐन लाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याईने छ ।

४. पालिकामा गठन भएको नगर स्तरीय विपद ब्यवस्थापन समितिले यस नगरपालिकामा आपतकालिन कार्य संचालन केन्द्र (LEOC) लाई व्यवस्थित गराई विपदसँग सम्बन्धित सूचना तथा जानकारीहरु एकद्धार प्रणाली मार्फत गराईने छ ।

५. वढ्दो जलवायु परिवर्तनलाई न्यूनिकरण गर्न यस नगरपालिका भित्रका सवै घरधुरीमा सुधारीएको चुलो वितरण कार्यलाई निरन्तरता दिई पम्परागत चुलोमा हुने दाउराको खपत कम गर्नुका साथै वनजंगलको विनासलाई न्यूनीकरण गरी महिला तथा वालवालिकाहरुमा धुवाबाट हुने असरहरुको कमी गरिने छ ।

### जलवायु परिवर्तन

१. विद्यालय, स्वास्थ्य र सामुदायिक वन क्षेत्रहरुमा वृक्षारोपण गरी जलवायु परिवर्तनको असर तथा प्रभावहरु संग जुध्नको लागि स्थानीय अनुकूलन कार्य योजना पालिकाको नियमित योजना तर्जुमा प्रकृयामा मूलप्रवाहिकरण गर्दै लागिने छ। साथै यस संग सम्बन्धीत एकिकृत योजनारुलाई प्राथमिकतामा राखिने स्थानीय अनुकुलन तथा जलवायुपरिवर्तन कार्यक्रम संग समन्वय गरी निरन्तरता दिईने छ ।

२. जलवायु परिवर्तनका क्षेत्रमा विभिन्न क्षमतामुलक कार्यक्रम संचालन गरिने छ ।

३. कार्वन व्यापारको प्रक्रियालाई थप व्यवस्थितरुपमा अगाडि वढाईने छ ।

४. यस नगरपालिकाको सम्पुर्ण नाङ्गा डाँडापाखा, खाली जमिनमा वृक्षारोपण गरी हरियाली नगर वनाउन प्रत्येक वडामा कृषि तथा वन नर्सरी निर्माणका लागि आवश्यक कार्यक्रम वनाई कार्यान्वयन गरिने छ ।

### मानव संसाधन विकास तथा सूचना प्रविधि

१. खाँडाचक नगरपालिकाको समग्र उन्नती र प्रगतीका लागि Welcome to development partner (विकास साझेदारहरुलाई स्वागत) गर्ने नीतिको विकास गरिने छ ।

२. मानव संसाधन विकासका लागि सम्पुर्ण पदाधिकारी, कर्मचारीहरुको क्षमता विकासका साथै थप ज्ञान, सीप र दक्षताका लागि तालिम गोष्ठी, अन्तरक्रिया, अध्ययन तथा अवलोकन भ्रमण जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३. यस नगरपालिकाको आ.व. २०८३/०८४ को विनियोजित नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्नका लागि वार्षिक/अर्ध वार्षिक/चौमासिक कार्ययोजना/कार्यतालिका निर्माण

गरी कार्यान्वयन गरिने छ । सो कार्यतालिका वमोजिमका सम्पुर्ण भए गरेका काम कार्यको सार्वजनिक सुनुवाइलाई प्रभावकारी गराईने छ ।

४. यस नगरपालिका भित्रका विभिन्न वडाहरु तथा नगरपालिका राजश्व असुली कार्यलाई व्यवस्थीत गर्न सफ्टवेयर प्रणाली जडान भई संचालन भैरहेकाले त्यसलाई व्यवस्थित गराउनका लागि कर तथा गैर कर राजस्व प्रशासन सम्वन्ध ऐन जारी गरी व्यवस्थित गराईने छ ।

५. यस खाँडाचक्र नगरपालिका क्षेत्र भित्र हुने विभिन्न कार्यक्रम, पैरवी, गोष्ठी, भेला, समिति गठन जस्ता कार्यको कार्यान्वयनमा महिला, अपाङ्गता भएका व्यक्ती, दलित, आदिवासी/जनजाती तथा ऐतिहासिकरुपमा वञ्चितीमा परेका सिमान्तकृत वर्गको प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको सुनिश्चित हुने किसिमको नीतिलाई निरन्तरता दिईने छ ।

६. सामाजिक कुरितीकोरुपमा रहेको जातीय छुवाछुत, छाउपडी, बोक्सी, बाल बिवाह घरेलु हिंसा लगायतको क्रियाकलापलाई दण्डनीय बनाई त्यस्तो कुरीतिको अन्त्य गर्ने नीति लिइने छ ।

७. नगरपालिकाको सम्पूर्ण प्रशासनिक कार्यलाई क्रमशः डिजिटल प्रणालीमा आधारित, पारदर्शी, छरितो तथा प्रभावकारी बनाइ कागजी काममा कमी ल्याइने छ।

८. नागरिकलाई प्रवाह गरिने सेवाहरूलाई सूचना प्रविधिमैत्री बनाई सहज, सरल तथा पहुँचयोग्य बनाइनेछ।

९. नगरपालिकाका सबै शाखा, वडा कार्यालय तथा सेवा केन्द्रहरूमा सूचना प्रविधिको प्रभावकारी उपयोगलाई विस्तार गरिनेछ।

१०. साइबर सुरक्षा, सूचना सुरक्षा तथा व्यक्तिगत विवरणको गोपनीयतालाई उच्च प्राथमिकता दिइनेछ।

११. डिजिटल सुशासन (Digital Governance) लाई संस्थागत गर्दै कागज रहित (Paperless) कार्यालय व्यवस्थापनतर्फ क्रमशः अघि बढिनेछ।

१२. सूचना प्रविधि सम्बन्धी जनशक्ति विकास तथा क्षमता अभिवृद्धिलाई निरन्तरता दिइनेछ।

१३. नगरपालिकाबाट प्रदान हुने सेवाहरूलाई क्रमशः अनलाइन प्रणालीमार्फत **डिजिटल सेवा** उपलब्ध गराइने।

१४. डिजिटल अभिलेख व्यवस्थापन (Digital Record Management) लागू गरिने।

१५. विद्युतीय चलानी तथा पत्राचार प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयन गरिने।

१६. नगरपालिकाको वेबसाइटलाई नियमित अद्यावधिक गरिने।

१७. नागरिक बडापत्र, सूचना, योजना, बजेट, निर्णय तथा सार्वजनिक खरिद सम्बन्धी विवरण वेबसाइटमा नियमित प्रकाशन गरिने।

१८. GIS तथा डिजिटल नक्सा प्रणालीको प्रयोग विस्तार गरिने।

१९. कार्यालयका कर्मचारीलाई साइबर सुरक्षा सम्बन्धी अभिमुखीकरण प्रदान गरिने।

२०. कर्मचारी तथा जनप्रतिनिधिहरूलाई सूचना प्रविधि सम्बन्धी तालिम सञ्चालन गरी क्षमता विकास गरिने।

२१. विद्यालयहरूमा डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गर्न आवश्यक समन्वय गरिने।

२२. राजस्व, दर्ता, योजना, सम्पत्ति, जिन्सी तथा प्रशासन सम्बन्धी सफ्टवेयरहरूको प्रभावकारी प्रयोग गरिने।

२३. डिजिटल हस्ताक्षर (Digital Signature) को प्रयोगलाई प्रोत्साहन गरिने।

२४. QR Code तथा अनलाइन भुक्तानी प्रणाली विस्तार गरिने।

२५. सामाजिक सञ्जाल तथा डिजिटल माध्यमबाट नागरिकलाई समयमै सूचना उपलब्ध गराइने।

२६. गुनासो व्यवस्थापन प्रणालीलाई अनलाइन माध्यम संग जोडी स्थानीय आवश्यकता अनुसार मोबाइल एप वा अन्य डिजिटल सेवाको सम्भाव्यता अध्ययन गरिने।

२७. कृत्रिम बुद्धिमत्ता (AI) लगायत नवीन प्रविधिको प्रयोगका सम्भावनाहरू अध्ययन गरिने।

२८. यस नगरपालिका क्षेत्र भित्रका औपचारिक तथा अनौपचारीक क्षेत्रमा काम गर्ने श्रमिक तथा कर्मचारीहरुलाइ योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नका लागि यस नगर कार्यपालिकाको कार्यालय अन्तरगत रही काम गर्ने करार तथा ज्यालादारी कर्मचारीहरुलाइ क्रमश सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नका लागि विशेष पहल गरिने छ ।

२९. स्थानीय राजश्व ब्यवस्थापनका लागि Face less र Cash less गर्नका लागि LLRP (Local Level Revenue Protal) को प्रयोग गर्न आवश्यक ब्यवस्था मिलाइने छ ।

३०. यस नगरपालिकाका दुइ वटा वडालाइ समाजवादी उन्मुख वडा घोषणा कार्यलाइ अगाडी वढाइने छ ।

**सभा अध्यक्ष महोदय,**

अव म आ.व. २०८३/०८४ को आय अनुमान पेश गर्न अनुमती चाहन्छु ।

**आय तर्फ**

नेपाल सरकारको संघीय अनुदान अन्तर्गत सशर्त अनुदान चालु तर्फ रु. २१ करोड १८ लाख, पुजिगत तर्फ १ करोड ५१ लाख, वित्तिय समानीकरण अनुदान तर्फ रु. ११ करोड ८४ लाख, राजश्व वाडफाडवाट तर्फ ९ करोड ५६ लाख १६ हजार, संघीय समपुरक अनुदान तर्फ ७५ लाख, विशेष अनुदान तर्फ २ करोड ५३ लाख रुपैया गरी जम्मा रु. ४७ करोड ३७ लाख १६ हजार रुपैया प्राप्त भएको छ ।

कर्णाली प्रदेश सरकारवाट सशर्त अनुदान चालु तर्फ रु. १९ लाख ३६ हजार, पुजिगत तर्फ ३ करोड २० लाख, वित्तिय समानीकरण अनुदान तर्फ रु. १ करोड ६८ लाख ३१ हजार, राजश्व वाडफाड तर्फ २३ लाख ४१ हजार ४ सय ८६, समपुरक अनुदान तर्फ २ करोड १४ लाख, विशेष अनुदान तर्फ १ करोड ८ लाख रुपैया गरी जम्मा ८ करोड ५३ लाख ८ हजार ४ सय ८६ रुपैया प्राप्त भएको छ ।

आन्तरीक आय अल्या सहित तर्फ रु. १ करोड १५ लाख गरी **जम्मा ५७ करोड ५ लाख २४ हजार ४ सय ८६ रुपैया प्राप्त भएको छ । सोही अनुसार ब्यय हुने अनुमान गरिएको छ ।**

अन्तमा,

यस गरिमामय सभामा उपस्थित हुनु भएका सभाका सदस्य ज्युहरु, कर्मचारीहरु आमन्त्रीत महानुभावहरु तथा साझेदार सहभागितात्मक योजना तर्जुमा प्रकृयामा सहयोग पुर्याउनु हुने सम्पुर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै प्रस्तावित नीति, कार्यक्रम तथा बजेटले नगरवासीको चाहाना र आवश्यकतालाई परिपुर्ति गर्न सफल हुनेछ भन्ने विश्वास राख्दै सफल कार्यान्वयनमा समेत यहाँहरुको रचनात्मक, सकारात्मक एवं निरन्तर सुझाव प्राप्त हुने अपेक्षा गर्दछु ।

धन्यवाद ।

गणेशवहादुर शाही
नगर उप प्रमुख
२०८३ आषाढ १० गते